प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्रदेश कार्यालय प्रदेश नं. २

## जनकपुरधाम, धनुषा

## शैक्षिक सत्र २०७६/०७७ मा डिप्लोमा तथा प्रमाणपत्र तहको कार्यक्रम अनुसार पुर्ण शुल्कीय तर्फको नतिजा प्रकाशन एवं मुख्य परीक्षार्थी (Main Candidate) मा छनौट भएका परीक्षार्थीहरुलाई अध्ययन गर्न सिफारिश भएका शिक्षण संस्थाहरुमा भर्ना हुन जाने सम्बन्धी जरुरी सूचना

**प्रकाशित मिति २०७६।०५।०१**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७६।३।२१ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयको च. नं ८४६ मिति २०७६।०३।१६ गतेको पत्रबाट प्राप्त अख्तियारी बमोजिम शैक्षिक सत्र २०७६।०७७ को डिप्लोमा/प्रमाणपत्र तहका विभिन्न शैक्षिक कार्यक्रमहरुमा पुर्ण शुल्कीय कोटाहरुमा छनौटका लागि सम्बन्धित शिक्षण संस्थाहरुमा आवेदन फाराम भरी प्रदेश नं २ अन्तर्गत विभिन्न परीक्षा केन्द्रहरुमा सञ्चालित डिप्लोमा तथा प्रमाणपत्र तहका विभिन्न शैक्षिक कार्यक्रमहरुको मिति२०७६।४।२२ गते विहान ७.०० बजे देखि संचालित प्रवेश परिक्षामा उपस्थित भएका परिक्षार्थीहरु मध्ये परिषद्बाट संचालित सम्बन्धन/स्वीकृति प्राप्त शिक्षण संस्थाहरुको कोटा र लक्षित बर्गका मुख्य परिक्षार्थीहरुको नाम र शिक्षण संस्था सहित डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रबृत्ति बितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (दोस्रो संशोधन सहित) बमोजिम योग्यताक्रम अनुसार सिफारिश भइ पूर्ण शूल्किय कार्यक्रमको नतिजा प्रकाशन उपसमितिको मिति २०७६।०५।०१ गतेको निर्णयानुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय प्रदेश नं २ को कार्यालय जनकपुरधाम, धनुषावाट नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । नतिजाको विवरण परिषद्को वेवसाइट www.ctevt.org.np मा प्रकाशित गरिएको छ ।

सिफारिश भएका मुख्य परिक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा परिषद्को वेवसाइटवाट नतिजा डाउनलोड गरी यो सुचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७६।५।१५ गते) भित्र भर्ना भईसक्नु पर्ने भएकोले उल्लेखित म्याद भित्र भर्ना सम्बन्धि निर्देशिका २०७४ मा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु,प्रवेशपरीक्षाको प्रवेशपत्र र आफ्नो बर्ग खुल्ने प्रमाणपत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्ना हुन जान हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

सम्बन्धित शिक्षण संस्थाहरुले यसै सुचनालाई आधार मानी परिषद्को वेवसाइट www.ctevt.org.np मा प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिश भएका परिक्षार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको शैक्षिक योग्यता तथा आवश्यक कागजातहरु भर्ना सम्बन्धि निर्देशिका को बुंदा न ११ मा भएको प्रावधान अनुरुप रुजु गर्ने जिम्मेवारी शिक्षण संस्थाको प्राचार्यको हुने हुंदा सोही अनुसार तोकिएको म्याद भित्र भर्ना गराउनु हुन यसै सुचनाद्धारा जानकारी गराईन्छ । उल्लेखित म्याद भित्र परीक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन गएमा पुर्ण शुल्कीय कोटाहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रबृत्ति बितरण एवं भर्ना सम्बन्धि निर्देशिका, २०७४ (संशोधन सहित)को बुंदा नं ६ को (च), (छ), (अ), (आ) र (ई) बमोजिम बैकल्पिक सूचीमा रहेका परीक्षार्थीहरुलाई भर्ना गर्नुपर्ने प्रावधान रहेकोले सोही बमोजिम प्रक्रिया पुरा गरेर मात्र भर्ना गराउनु हुन जानकारी गराइन्छ । प्रक्रिया र कागजात नपुगेको परीक्षार्थीका भर्ना स्वतः रद्ध हुनेछ ।

SEE को स्तरोन्नती परीक्षामा सामेल भई विभिन्न शैक्षिक कार्यक्रममा भर्नाको लागि मुख्य परीक्षार्थीको रुपमा सिफारिश भएका परीक्षार्थीहरुले SEE को नतिजामा आवश्यक न्यूनतम शैक्षिक योग्यता प्राप्त नगरेमा भर्ना स्वतः रद्ध हुने शर्तमा कबुलियत गराई इच्छुक परिक्षार्थीलाई भर्ना गर्नु हुन अनुरोधछ ।सम्बन्धित शिक्षण संस्थाहरुले भर्ना सम्बन्धि प्रक्रिया नपुर्‍याई पुर्ण शुल्कमा भर्ना गरेको पाइएमा भर्ना सम्बन्धि निर्देशका २०७४ को बुंदा नं ६ (छ) र (इ) बमोजिम भई जाने ब्यहोरा समेत सूचित गरिन्छ ।

**नोटः १) सम्वन्धित संस्थाहरुले प्रवेश परीक्षा वापत परिषद् प्रदेश कार्यालयलाई वु □ाउने शुल्क तिरेको रसिद संलग्न गरी प्रदेश कार्यालयवाट प्रवेश परीक्षाको नतिजा वुझिलिई विद्यार्थी रजिष्ट्रेशन गर्दा उक्त नतिजाको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।**

**२) यो सुचना CTEVT को website. www.ctevt.org.np मा पनि हेर्न सकिने छ ।**

निर्देशक